राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– २७, माघ २८ गते शुक्रबार, २०७८ (11 Feb., 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# 'नयाँ राष्ट्रिय दृष्टिकोण' मा सभामुखको जोड

## 'महिला उपसभामुखको पद 'माया बैगुनी, नभई नहुने' भइरा'छ'

■ जनजिब्रो संवाददाता




**काठमाडौं ।** सभामुख अग्निप्रसाद सापकोटाले नेपाली जनतामा उच्चस्तरको लोकतान्त्रिक आचारण र चरित्र भएकाले कसैलाई पनि अति गर्नेतर्फ जान नदिने धारणा व्यक्त गरे । राष्ट्रियसभा उपाध्यक्ष र सात प्रदेशका उपसभामुखबीच अनुभव आदान-प्रदान गर्न राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यतिबेला जनताले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबाट भइरहेको काम कारबाहीलाई नजिकबाट हेरिरहेको उल्लेख गरे ।

'संसद्लाई जीवन्त र जनमुखी बनाउन वातावरण बनाउने काम भइरहेको छ' सभामुख सापकोटाले थपे 'संसद्का बारे धेरै प्रश्न उठेको छ, मेरो पहलकदमी कहाँ पुगेको छैन, कहाँ बढाउनुपर्छ भन्नेतर्फ काम गरिरहेको छु, सभामुखको नेतृत्त्वमा सबै सांसदले स्वतन्त्र भएर निर्णय गर्न पाउँछन् त भन्ने प्रश्न छ, आलोचना र आएका सुझावलाई सकारात्मक रूपमा लिएको छु ।' अहिले भइरहेका बहसले हामीलाई देशहितका लागि निष्कर्षमा पुऱ्याउने विश्वास व्यक्त गर्दै सभामुख सापकोटाले इतिहास राम्रो अध्ययन गरेका जनता नै सर्वोपरी भएको बताए । देश भक्तिको भावनाले ओतप्रोत जनताले ठिक निर्णय गर्ने भन्दै उनले तटस्थ, निष्पक्ष र स्वतन्त्र हुनुमा आफ्नो पनि ठूलो तागत रहेको प्रष्ट पारे । मुलुकले एकपछि अर्को गर्दै महामारी, राजनीतिक र जलवायु संकट भोग्नुपरेको भन्दै सभामुख सापकोटाले सकारात्मक सोच विचारले मात्रै राम्रा नतिजा हासिल गर्ने भएकाले संसदले मुख्य कार्यभार कानुन निर्माणमै जोड दिनुपर्नेमा जोड दिए ।

'विश्व समुदायजस्तै नेपालमा पनि नयाँ राष्ट्रिय दृष्टिकोण बनाउनुपर्छ, मातृभूमिप्रति इमान्दार र निष्ठामा रही बढाइने सोच र विचारले देश र जनताको हित हुनेछ' सभामुख सपाकोटाको भनाइ थियो । सभामुख र उपसभामुखलाई सबैसँगको छलफल र अन्तरघुलनबाट सभा सञ्चालन गर्न सहज तुल्याउने चर्चा गर्दै उनले सबै उपसभामुखमा नयाँ र

क्रमशः अन्तिम पृष्ठमा

# मधेश प्रदेशमा जनयुद्ध दिवसको सार्वजनिक बिदा





**जनकपुरधाम ।** मधेस प्रदेश सरकारले पहिलो पटक अगामी फागनु १ गते नेपाली आमाका हजारौं छोराछोरीले मुलुकको सुनौलो भविष्यको परिकल्पना गर्दै बलिदानीपूर्ण संकल्प गरेको दिन फागुन १ अर्थात जनयुद्ध दिवस मनाउने निर्णय गरेको छ। जनयुद्ध दिवसका अवसरमा सहिद परिवारलाई सम्मान एवं आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम तय भएको प्रदेश सरकारले जानकारी दिएको हो ।

पहिलो पटक फागुन १ गतेलाई जनयुद्ध दिवस मनाउने तयारी गरेको मधेश प्रदेशले विगत तीन वर्षदेखि माघ ५ गतेलाई मधेस बलिदानी दिवसका रूपमा मनाउँदै आएको छ ।

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयअन्तर्गतको मधेसी सहिद प्रतिष्ठानले आयोजना गर्ने उक्त कार्यक्रममा पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं जनयुद्धका कमाण्डर पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्बोधन गर्ने कार्यक्रम तय भएको मन्त्रालयका सचिव

क्रमशः अन्तिम पृष्ठमा

# घातक एमसीसीका मध्यमार्गीहरूलाई सुझाव



समय-सन्देश

नारायण शर्मा

नेपालले अमेरिकी सरकारी कम्पनी एमसीसीसँग सहकार्य गर्नेसम्बन्धी गरेको सम्झौताअनुसार एमसीसीलाई उसका काम कारबाहीहरू आधिकारिक, औपचारिक विधिसम्मत र संस्थागत रुपले अगाडि बढाउन दिनको लागि संसदबाट पारित गर्ने वा नगर्ने भन्ने बहस, विवाद र विरोधका बीच पास गर्नुअघि केही कुरा-सर्तहरू पूरा भए-गरेमा पास गर्न र लागू गर्न सकिने भनी मध्यमार्गी तर्कहरू आएका छन् ! ती मुख्यतः यी हुन्ः-

- एमसीसी अमेरिकी सैन्य रणनीति इन्डोप्यासिफिक स्ट्राटिजि (आइपीएस)को अंग होइन भने स्वीकार्ने ।
- निश्चित राष्ट्रघाती बुँदा र प्रावधान हटाएर स्वीकार्ने ।
- राष्ट्रिय वा संसदीय सहमति गरेर स्वीकार्ने ।
- सन सेट याक्टजस्ता केही थप कानुन बनाएर स्वीकार्ने ।
- संकल्प प्रस्ताव पास गरेर स्वीकार्ने !
- नेपालकै योजना र माग भएकोले स्वीकार्ने ।
- अमेरिकाजस्तो लोकतान्त्रिक, शक्तिशाली, समृद्ध र ७० वर्षदेखिको सहयोगी मित्रराष्ट्रको अनुदान भएकाले स्वीकार्ने !
- संसदबाट पारित नगर्ने गरी स्वीकार्ने,
- संसदबाट पास नभएपनि यो नेपाली योजना भएकोले नेपाली रकम लगाएर भएपनी कार्यान्वयन गर्दैजाने गरी स्वीकार्ने !
- चीन र भारतजस्ता शक्तिशाली देसलाई सन्तुलनमा राख्न अर्थात् उनीहरूलाई ठिक गर्न अमेरिका जस्तो शक्तिशाली देसलाई भित्राउनु आवश्यक भएकोले राष्ट्रिय सहमती बनाएर स्वीकार्ने !

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- २७, माघ २८ गते शुक्रबार, २०७८

**सम्पादकीय**

# एमसीसीको दबाव : कामकुरो एकाधिर, जोडबल अर्कैतिर !

कोभिड- १९ महामारीले सिर्जना गरेका बहुआयामिक चुनौतीहरूको सामना गर्न नपाउँदै/नभ्याउँदै मुलुक निकै ठूलो आर्थिक, मानवीय र प्रशासनिक झमेलाको सामना गर्न बाध्य हुँदै छ। मुलुकले एकै वर्षभित्र स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव धानुपर्ने बाध्यता छ। यसभन्दा पनि महत्त्वपूर्ण कुरा त करिब तीन वर्षसम्म घोर प्रतिगामी, प्रतिक्रान्तिकारी एवम् महाभ्रष्ट खड्ग ओली नेतृत्वको सरकारले सिर्जना गरेका चौतर्फी अत्याचार, व्यभिचार र दूराचार तथा अभाव र असहजताको घाउमा खाटा बस्न समेत बाँकी नै छ।

जनताले गरेको अद्वितीय विश्वास एवम् भरोसा तथा जनमतयुक्त दुर्लभ अवसरलाई दुरुपयोग गरेर; जनमत बिक्री गर्दै ओली र उनको डफ्फाले मच्चाएको अराजकता, अन्याय र असङ्गतिहरूकै 'बाइ-प्रडक्ट' का रूपमा थोपरिएको कथित एमसीसीको चटारो राष्ट्रका सबै जल्दाबल्दा समस्या र तत्कालीन आवश्यकता एवम् बाध्यताहरूलाई उछिन्दै अग्रपङ्क्तिमा देखापरेको छ। 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भन्ने पुरानो लोकोक्ति झैँ राष्ट्र र जनताका आवश्यकता, आकाङ्क्षा र समस्या एकातिर छन्; बिल्कुल राष्ट्रघाती, अनावश्यक र असान्दर्भिक बखेडा र चुनौती बनेर एमसीसीको बोझ तथा झमेला तरबार बनेर हाम्रो घाँटी रेट्न उद्दत छ।

महामारी, अभाव, महँगी, भ्रष्टाचार र दूराचारहरूलाई निर्मूल पार्दै तङ्ग्रेर तीनै तहका चुनावहरूमार्फत राजनीतिक समस्या र जटिलताहरूको समाधान गरी व्यवस्था र प्रणालीलाई संस्थागत गर्नेतर्फ सरोकारवालाहरू सबैले ध्यान दिऊन्। हामीलाई आवश्यकतै नपरेको, सोच्न र निर्णय लिन फुर्सद समेत नभएको र तमाम नेपाली जनताले घृणापूर्वक दुत्कारेको कथित एमसीसीको झमेलालाई यसपटक आँखा चिम्लेर खारेज गरिदेऊ ! त्यसवापत परिआएका चुनौतीको सामना गर्न नेपाली जनता तत्पर छन्।

## घातक...

- एमसीसी अहिले अस्वीकार गरेमा अमेरिकी र अमेरिकी लवीका देसहरूको सहायता रोकिने र नाकाबन्दी समेत हुनसक्ने हुनाले पनि स्वीकार्नै पर्ने स आदि-इत्यादि !

एमसीसी सम्झौता चरम राष्ट्रघाती मात्र होइन बहुआयामिक परम अन्तरराष्ट्रघाती समेत भएको भन्दै भैरहेको बृहद बहस, विवाद र विरोधकाबीच आएका उपरोक्त मध्यमार्गी तर्कहरू रुपमा र अंशमा हेर्दा त जायजै जस्तो लाग्न सक्छन् तर सारमा र समग्रमा, अमेरिकाको चिन्तन, चरित्र वा विचार र व्यवहारमा अथवा नीति र नियतमा गहिरिएर हेर्ने हो भने उपरोक्त तर्कहरूको आधारमा सम्झौता औपचारिक रुपमा लागू भै काम अघि बढेमा बीसको उन्नीस जस्तो संख्यात्मक वा मात्रात्मक फरकभन्दा बढी केही खास फरक पर्नेवाला छैंदै छैन ! बरु कतिपय तर्कहरू अनुसार स्वीकार गरियो भने त त्यस्तो भएमा भन् खतरनाक र महाघातक अकल्पनीय अवस्था आउनेछ। त्यसैले यो खारेजै गर्नुभन्दा राम्रो र राष्ट्रहितकारी अर्को विकल्प छँदै छैन !

वास्तवमा सम्झौता र सम्झौताका विभिन्न प्रावधान र पक्षधरहरूको जतिसुकै विरोध, भण्डाफोर र निन्दा-भर्त्सना गरेपनि अन्ततः संशोधन गरेर अनुमोदन गर्ने भनेको स्वीकार गर्ने र कार्यान्वयन गर्ने नै भनेको हो। विभिन्न तर्क, वितर्क र कुतर्क गरेर वा विविध वहाना, चालवाजी र जालसाजी गरेर अनि कैयौं प्रकारका सर्त, विधि र प्रकृया अपनाएर एमसीसी फिर्ता गर्नु हुँदैन भनेको आखिर सार र समग्रमा यसलाई स्वीकार्नु र अमेरिकालाई नेपालमा हस्तक्षेप, हैकम र हालीमुहाली गर्न दिनु हो ! यसरी स्वीकार्नु भनेको हातले सीधा नाक नछोएर घुमाएर छोएजस्तै हो !

सारतः मध्यमार्गको साइनो संशोधन, संशोधनवाद र संसदवादसँग जोडिएको छ। यसरी नै संशोधनवाद र संसदवादको नाता पनि पुँजीवाद र साम्राज्यवादसँग अभिन्न रुपले गाँसिएको छ ! त्यसैले त कतिपय क्रान्तिकारी सिद्धान्तकारहरू र भुक्तभोगीहरूले संशोधनवादलाई सर्वाधिक खतरनाक ठान्दै यसमाथि विजय प्राप्त नगरी प्रतिक्रियावादमाथि विजय हासिल गर्न र क्रान्तिलाई टिकाइराख्न नसकिने दलील दिन्छन्।

अहिले नेपालमा एमसीसी बारेको बहस मुख्यतः दुई धारमा विभाजित छ ! एउटा हो यो सम्झौतालाई हुबहु जस्ताको तस्तै स्वीकार गर्नुपर्छ भन्ने साम्राज्यवाद र विस्तारवाद परस्त चरम दक्षिणपन्थी आत्मसमर्पणवादी दलाल धारा र अर्को हो यसलाई कुनै हालतमा कहिले पनि स्वीकार गर्ने वा लागू गर्ने नगरेर अविलम्ब खारेज गर्नुपर्छ भन्ने सच्चा वामपन्थी क्रान्तिकारी देशभक्तिपूर्ण धारा। यी दुई मुख्य धाराका बीचमा अर्को ढुलमुल, अस्थिर, कमजोर, कायर र अस्थायी अर्धधारा छ! तर विडम्बना, यही धारा नै सर्वाधिक भ्रमपूर्ण पनि छ र अन्ततः र सारतः त्यत्तिकै खतरनाक पनि छ। यसले एमसीसी सम्झौतामा केही संशोधन, परिमार्जन, थपघट वा फेरबदल गरेर अर्थात् उनीहरूका शब्दमा यसलाई नेपाल राष्ट्रको हितअनुकूल बनाएर संसदबाट पारित गर्नुपर्छ भन्दछ ! सैद्धान्तिक र व्यावहारिक दुवै हिसाबले यो धाराको न दीर्घकालसम्म अस्तित्व रहेको देखिन्छ न त यसको वामपन्थी क्रान्तिकारी राष्ट्रवादी धारामा परिवर्तन वा समायोजन भएको देखिन्छ। बरु यसप्रकारका मध्यमार्गी विचार, व्यवहार, बाटा र व्यक्तिहरूको त प्रायः र मूलतः दक्षिणपन्थी राष्ट्रघाती प्रतिकृयावादी धारामा समाहित भएको देखिन्छ।

यहाँनेर विश्वव्यापी रुपमा क्रान्ति र प्रतिकान्ति, प्रगतिवादी र प्रतिगमनवादी, क्रान्तिकारी र प्रतिक्रियावादी, राष्ट्रवादी र साम्राज्यवादीबीचमा भैरहेको लडाइँमा मध्यमार्गी संशोधनवादीहरूले अन्ततः प्रतिक्रियावादीहरूलाई नै जान-अनजानमा समर्थन र सहयोग गरेको हुनाले नै क्रान्तिले धोका र धक्का खानु परेको कुरा स्मरणीय हुन आउँछ। त्यसैले एमसीसी सम्झौता पनि संशोधन, परिमार्जन, स्पष्टीकरण, संकल्प प्रस्ताव वा हाललाई स्थगन आदि केही गरी पारित वा स्वीकार गर्नुपर्छ भन्ने यो मध्यमार्गी विचार र धारबारे समयमै स्पष्ट हुनु, सतर्क हुनु र यिनका विरुद्ध वैचारिक संघर्ष चलाउनु पर्छ। साथै यसरी संघर्ष चलाउँदा यिनको भ्रममा परेका इमानदार नेता, कार्यकर्ता र जनतालाई भ्रममुक्त गर्न र खारेजीको लाइनमा ल्याउन हामीले भरमग्दुर प्रयत्न गर्नुपर्छ भने बाँकीलाई सकेसम्म तटस्थ राख्ने र नसके पनि पास गर्ने वा स्वीकार्ने र लागू गर्ने भन्ने लाइनमा जान नदिनको लागि हरसम्भव प्रयास गर्नुपर्दछ। यति गर्दा पनि पास गर्ने वा स्वीकार गर्नेतिरै जानेहरूलाई अन्ततः दलाल, गद्दार र राष्ट्रघाती बेइमान ठहराई सो अनुसार व्यवहार गर्ने गर्नु पर्दछ।

उपरोक्त बुँदा र निष्कर्षलाई प्रस्ट गरी पुष्टि गर्नका लागि संक्षिप्त व्याख्या वाञ्छनीय भएको छ। त्यसैले अब थोरै त्यतातिर लागौं !

नेपालमा एमसीसीका पदाधिकारीहरू उपाध्यक्ष फातिमा सुमार र सहायक उपाध्यक्ष जोनाथन ब्रुक्सको भ्रमण सँगसँगै अहिले सबैभन्दा चर्को चासो, चिन्ता र चर्चा वा विरोध र समर्थन एमसीसी संसदबाट पास गर्ने वा नगर्ने भन्ने प्रश्नमा केन्द्रीत भएको छ। सन् १९१७ मा तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीद्वारा हस्ताक्षर गरिएको मूल सम्झौतामा संसदबाट पास गर्नुपर्ने भन्ने सर्त छैन। संसदबाट पारित गर्ने सर्त त पछि तत्कालीन अर्थमन्त्री युवराज खतिवडाद्वारा सन् २०१९ मा हस्ताक्षरित कार्यान्वयन सम्झौतामा मात्र छ। सम्झौतालाई संसदबाट पारित गराउने कुरा यसलाई सर्वशक्तिमान, अनुल्लंघनीय र अभेद्य बनाउने एउटा प्रक्रिया हो। तर यो सर्तअनुसार सम्झौता संसदबाट पास गरे पनि अथवा नगरे पनि यो परियोजना नेपालको लागि बिल्कुलै अनावश्यक र बेठिक मात्र होइन धेरै हिसाबले घातक समेत छ।

पहिलो र टड्कारो कुरा, यो धेरै नै खर्चिलो (महँगो) छ। प्रती किलोमिटर ४९५ करोडमा रुपैयाँमा बन्न सक्ने यो प्रसारण लाइन प्रतिकिलोमिटर २० करोड रुपैयाँ लाग्ने गराइएको छ। दोस्रो, देसमा विद्युत खपत गर्नेतिर नलागेर विदेशलाई विद्युत बिक्री गर्ने यसको उद्देश्य छ, जो आफैँमा गलत, दीर्गोविकास विरोधी र परनिर्भर हुने योजना हो। तेस्रो, यसको ट्रान्समिसन लाइन र बाटो विस्तारको योजना नेपालको आवश्यकताअनुसार नभएर अमेरिकी र भारतीय सुरक्षा रणनीतिको आवश्यकता अनुसार छ। यसको घोषित उद्देश्य नै हाम्रो घनिष्ट छिमेकी स्वच्छ सहयोगी सच्चा मित्रराष्ट्र चीनलाई घेर्ने र फोर्ने तथा चिनियाँ अन्तर्राष्ट्रिय सामाजिक-आर्थिक विकासको गुरुयोजना यसअन्तर्गतको नेपालको एक मुख्य विकास आयोजना केरुङ-काठमाडौं-पोखरा-लुम्बिनी रेल लाइन निर्माण परियोजना विरुद्ध परिलक्षित छ।

यसैगरी यसमा नेपाल राष्ट्र, नेपाली राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, देशको सार्वभौमिकता र राष्ट्रहितविरोधी कैयौं राष्ट्रघाती प्रावधानहरू छन्। साथै, नेपालको शान्ति-समृद्धी विरोधी नीति-नियत र लक्ष्य-उद्देश्यहरू पनि यसमा अन्तरनिहित छन्। नेपालको सरकार, कानुन र संविधानभन्दा माथि एमसीसी रहने र यसले जे गरे पनि नेपालको कानुन, अड्डा-अदालत र प्रहरी-प्रशासन कसैले पनि केही गर्न नसकेर उसलाई पूर्ण रुपमा उन्मुक्ति मिल्ने जस्ता घातक प्रावधान पनि छन्। विडम्बनाको कुरा के समेत छ भने कुनै कुरामा कहीँ केही विवाद भयो वा प्रश्न उठ्यो भने त्यसको न्याय निरुपणको व्यवस्था अमेरिकाको वर्तमान र भविष्यका कानुन अनुसार हुनेजस्ता अमेरिकी प्रभुत्वप्रति आत्मसमर्पण गर्ने जस्ता राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई घात गर्ने बुँदाहरू पनि छन्। नेपालको बौद्धिक र भौतिक सम्पत्तिमाथि एकलौटी लूट मच्चाउन पाउने र हाम्रो १३ करोड डलर लगानी भए पनि त्यसको समेत हिसाब हेर्न, कर्मचारी राख्न वा हटाउन आदि केही गर्न नेपालले नपाउने तर उसले आफ्नो रणनीति अनुसार जुनसुकै विदेशीलाई राखेको, सामान-ओसारपसार गरेको आदि कुरामा हामीले आँखा चिम्लिएर र हात बाँधेर बस्नुपर्ने व्यवस्था खुल्लै रुपमा गरिएको छ। अझ एउटा विचित्रको प्रावधान यो पनि छ कि नेपालका कुनै आयोजनाहरू छनोट गर्दा एमसीसीलाई मात्र होइन, भारतलाई समेत सोध्नुपर्ने अवस्था र व्यवस्था पनि गरिएको छ।

एमसीसी अमेरिकी सुरक्षा रणनीति अन्तरगतको संस्था र कार्यक्रम भएकोले यसले लगानी गर्ने क्षेत्र अमेरिकाको सुरक्षालाई ध्यानमा राखेर मात्र गरिएको हुन्छ। यस आधारमा काम गर्दा हामी अमेरिकासँग सैन्य गठबन्धन गर्न पुगिन्छ, त्यसको सुरुवात अमेरिका-नेपाल, अमेरिका-भारत-नेपाल आदिबीच विभिन्न पटक, विभिन्न प्रकारका संयुक्त सैन्य अभ्यासहरू गरेर गरिसकिएको छ। यस्ता काम कुराहरू हाम्रो असंलग्न परराष्ट्र नीति विपरीत हुन्छन्। कि त हामीले अब हाम्रो परराष्ट्र नीति असंलग्न हुने छैन भनी संविधानमै लेख्नु पर्‍यो र हाम्रो राष्ट्रिय सुरक्षा र विकासको निम्ति कुनै शक्तिराष्ट्रसँग सैन्य गठबन्धनमा जानु अनिवार्य भयो भनी भन्नुपर्‍यो वा यस्ता अन्य कुनै अनुकूल गठबन्धनमा जान सकिन्छ अन्यथा यसो गर्नै मिल्दैन। नमिल्दा-नमिल्दै पनि यो आएपिएसको अंग होइन भनी अहिले भरखरै कथित अमेरिकी स्पष्टीकरणमा जो भनिएको छ, त्यो ढाँटछल, जालझेल, कुनियत र कपट हो। यसको जति निन्दा भत्सर्ना गरेपनि कमै हुन्छ।

यस्तै, अर्को छलछाम गरी भ्रम पार्ने कोसिस भैरहेछ। त्यो हो- यसलाई अनुदान र विकास आयोजना भनेर, नेपालले नै छनोट गरेको आयोजना र माग गरेको रकम भनेर गर्न खोजिएको छलछाम र छर्न खोजिएको भ्रम-अन्यौल। यो अनुदान होइन, लगानी हो भन्ने कुरा हालै मात्र अमेरिकी अधिकारीले भनेको भनाइबाट खुलासा भएको छ। जहाँसम्म नेपालका विज्ञ-विशेषज्ञ र कर्मचारीहरूले नै बनाएको गुरुयोजना अनुसारको परियोजना योजना भन्ने कुरा छ। रुपमा र आवरणमा त्यस्तो कुरा सही भएपनि सारमा र यथार्थमा अमेरिकी अधिकारी, उसका रक्षा विज्ञ-विशेषज्ञहरूले भनेबमोजिम यहाँका गैरजिम्मेवार, दलाल, भ्रष्ट र देसघाती तथाकथित विज्ञ-विशेषज्ञ र नेता-शासकहरूले जान वा अन्जानमा ओके गरेको भने पक्कै हो। बाह्य रुपमा नागरिकताले र रुपरङ्गले ती नेपालका कर्मचारी, नेता र विज्ञ भए पनि वास्तवमा भित्री रुपमा ती अमेरिकी पैसा र पावरप्रति आत्मसमर्पण गरिसकेका नेपाली आत्मा मरेका जिउँदा लास हुन्। त्यसैले त्यस्ताले गराएको गुरुयोजना र छानेको परियोजना नेपाल र नेपालीले नै गरेको भन्नु पनि सारतः झूट हो। एमसीसीले सहयोग गर्ने परियोजना छनोट गर्ने अमेरिकी र नेपाली कथित विज्ञ-विशेषज्ञहरूको टोलीको नामावली हेरे यो कुरा छर्लङ हुन्छ।

हालै, रअ र सीआइएका एजेण्ट भनी विगतमा आफ्नै पार्टीको माथिल्लो निकायबाट कारबाहीमा समेत परेका एकजना ठूलै कथित विद्वान बुद्धजीवी (स्मरणीय छ कि यी विद्वानले विगतमा यस्ता बुद्धिजीवीहरूलाई बुद्धुजीवी भन्थे) ले समेत एउटा बडो गम्भीर कुतर्क गरेर एमसीसी स्वीकार गर्ने भनेका छन्, त्यो धेरै अर्थमा घातक छ। त्यो हो चीन र भारतको दबदबा कम गर्न नेपालमा अमेरिकी उपस्थिति जरुरी भएकोले एमसीसी राष्ट्रिय सहमति गरेर स्वीकार गर्नुपर्छ भन्ने कुरा। यसले एकातिर अमेरिकालाई यहाँ निम्त्याएर प्रथम चरणमा भारतसँग मिलेर चीनसँग भिड्ने-भिडाउने र चीनलाई घेराबन्दी गर्ने लक्ष राखेको स्पष्ट छ। यस्तो आत्मघाती, शान्तिघाती र मित्रघाती कुनियत बोकेको अमेरिका र उसको प्रोजेक्टलाई नेपालमा ल्याउन खोज्ने भारतीय वा अमेरिकी अथवा दुवैका नेपाली दलालहरूको भष्मासुरे प्रवृत्ति भएका पैसा, पद र पावरका अघि आत्मसमर्पण गर्ने र आमा वा दिदी-बहिनीको अस्मिता बेच्ने पातकी कर्म गर्ने देश बेचुवा लेण्डुपेभन्दा अरु को हुन सक्छ र ? विचित्र विडम्बनाको कुरा अझ के छ भने यसो गर्न पनि राष्ट्रिय सहमति (सके त देशका सबै दलका बीचमा, नसके संसदभित्रका मुख्य-मुख्य दलहरूको बिचमा) गरेर यस्तो महाघातक काम गर्ने कुरा अर्का आधुनिक युगका विभीषणले पनि गरेका छन्। राम्रो र महान् कार्य गर्न राष्ट्रिय वा संसदीय सहमती हुनु त गर्व र गौरवको कुरो हो तर यहाँ त एमसीसी जस्तो एक घातक परियोजनामार्फत महाघातक अमेरिकी साम्राज्यवादलाई भित्र्याउन र यो महाआपराधिक कुकर्ममा सबैलाई फसाएर विरोधी नै कोही नभएको पारेर देश बेच्ने राष्ट्रिय सहमति खोज्नु कहाँसम्मको दुःखद विचित्र विडम्बना हो ? स्वयंमा स्पष्ट छ।

एमसीसी सम्झौता संशोधन र परिमार्जन गरी स्वीकार गर्नका लागि विभिन्न तर्क, आधार र उपायरसर्तका कुरा गर्नेहरूले के कुरा बुझ्नु जरुरी छ भने उपरोक्त सबै कुरा संशोधन हुनु वा सबै सर्त पूरा हुन असम्भव छ। त्यसैले त अमेरिकीहरूले बारम्बार भनिरहेका छन् यो संशोधन हुनै सक्तैन। कथम संशोधनको नाटक मञ्चन गरियो भने कि त त्यो संशोधन नै हुने छैन किभने साँच्चै नै संशोधन भएमा त यो एमसीसीको प्रोग्राम नै हुँदैन। त्यसकारण पनि यसलाई लिन र लागू गर्नको लागि अमेरिकीहरूले खुला रुपमा दबाब र धम्की समेत दिइनैरहेका छन् भने गोप्य रुपमा कस-कसलाई के-कस्ता र कति आश्वासन, प्रलोभन र थ्रेटनिङ दिइरहेका छन्, त्यो कुरा पछि खुल्ने नै छ।

साँच्चै संशोधन गरेपछि त यो कि युएसआइडीको प्रोग्राम हुन जान्छ कि भने विश्व बैंकको प्रोग्राम हुन जान्छ भन्ने कुरामा उनीहरू स्पष्ट छन् र अहिले अमेरिकी नीति नै आफ्नो सुरक्षा रणनीतिलाई मूल आधार बनाएर आफ्नो अन्तर्राष्ट्रिय सहयोग निर्धारण र परिचालन गर्ने रहेको छ। यसमा एमसीसीलाई प्रयोग गर्ने गरिएको छ। विगत लामो समयदेखि युएसआइडीबाट गरिइरहेको यही काम अहिले एमसीसीबाटै गर्नु-गराउनु पर्नाको कारण यो हो कि बाहिर जे भनिएको छ, ती कुराहरू सम्झौताभित्र हेर्दा पाइँदैन। बाहिर यसलाई अनुदान भनिएको छ तर यो लगानी हो। लगानी पनि यस्तो छ कि यसमा एकलौटी अमेरिकी सम्प्रभुता र प्रभुत्व छ। यहाँसम्म कि यो लगानीमा घाटा लाग्ने भयो भने त्यसको दोष नेपालमाथि थोपरेर उसको लगानीको सावाँ-ब्याज समेत नेपालबाट असुल-उपर गर्ने स्पष्ट उल्लेख छ। यसैगरी यसमा अमेरिकी कार्यनीतिक र रणनीतिक तथा तात्कालिक र दीर्घकालीन अन्य थुप्रै स्वार्थहरू लुकेका छन्। हाम्रा नेता-शासकहरू र तिनका सल्लाहकार बुद्धिजीवी र विज्ञ-विशेषज्ञ भनाउँदाहरूका आँखा अमेरिकी डलरले टालिएका छन् र यी कुराहरू देख्न सक्तैनन्। यिनका दिलमा दलाली र दिमागमा दासता भरिएको छ भने यिनका मनमस्तिष्कमा महाशक्ति मोह असीमित छ। यसैगरी नै यिनका सोच, शैली संस्कार र संस्कृतिमा शक्ति र सत्तापूजा सन्निहित छ। यिनको लक्ष, उद्देश्य खाली पद, पैसा, पावर, प्रचार र प्रसंशा कमाउनु रहेको छ भने भाव भङ्गिमामा भ्रष्टाचार, भाँडभैलो, भ्रमण र भत्ताभन्दा अरु केही छैन। त्यसैले यो कुरा स्पष्ट छ कि अमेरिकी कम्पनी एमसीसीसँग नेपाललाई यो सम्झौता गर्ने-गराउने, यसलाई संसदबाट पारित गर्ने, गराउने र कार्यान्वयनमा ल्याउने-लगाउने यो समस्याको मुख्य जड कारक अमेरिका वा भारतभन्दा पनि बढी जिम्मेवार नेपालकै शासनसत्ता र यसमा हालीमुहाली गर्दै आएका यिनै शासकवर्ग अर्थात स्थायी-अस्थायी दास सरकार, दलाल नेता (सांसद, दम्भी विद्वान-बुद्धिजीवी र दामपन्थी विज्ञ-विशेषज्ञ र यिनका आसे, पासे, गासे र दासे प्रचारकहरू हुन्। तसर्थ प्रहारको पहिलो मुख्य निशाना देशभित्रकै शासनसत्ता, यसका संचालक शासक वर्ग र यिनका सेरोफेरोका शक्ति-व्यक्तिहरूलाई बनाउनुपर्छ भने दोस्रो निशाना वैदेशिक शक्तिकेन्द्र अर्थात साम्राज्यवादी-विस्तारवादीहरूलाई बनाउनु पर्छ। देसभित्रका विभीषण रुपी यी दामपन्थी, दम्भी र दमनकारी दलाल र दासहरूलाई ठिक नगरेर अनि देसभित्र राष्ट्रिय एकता पैदा नगरेर देश बाहिरका विभिन्न पृष्ठपोषक प्रभुहरूसँग लड्न र सफल हुन सकिन्न।

त्यसैले अब संशोधन-परिमार्जन, थप

क्रमशः अन्तिम पृष्ठमा

# नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र-२

नेपालका शासक गुटहरूले यस साम्राज्यवादी शिविरलाई खुलारूपमा साथ दिएका छन् र आज प्रतिक्रियावादका इमानदार चाकरका रूपमा काम गर्दैछन्। आफ्नो जालसाँजी प्रचारयन्त्रको व्यापक प्रयोग गरेर राणाहरूले जनतालाई के विश्वास दिलाउन खोज्दैछन् भने बेलायत, अमेरिका र भारतसित भएको उनीहरूको विश्वासघाती गठबन्धनले हाम्रा जनताका लागि शान्ति-सुख ल्याउने छ। स्व. प्रधानमन्त्री पद्मशमशेर राणाले कतिसम्म पनि भनेका छन् भने नेपालमा प्रजातन्त्र स्थापना भइसकेको छ। वर्तमान प्रधानमन्त्री मोहनशमशेर राणाले आधुनिक राज्यका रूपमा नेपालको निर्माण गर्न एक पञ्चवर्षीय योजनाको घोषणा समेत गरेका छन्। तर, यी आँखामा धुलो फ्याँक्ने कुरा मात्र हुन्। वास्तवमा राणाहरूको तरिका अमेरिकी युद्धखोरहरूको सेवामा नेपाललाई युद्ध-अखडा बनाउन दिने तरिका हो, ब्रिटिस साम्राज्यवादको रक्षामा नेपालको मानव-शक्ति प्रदान गर्ने तरिका हो र नेपालको व्यापार तथा वाणिज्यमा भारतीय पुँजीपतिवर्ग र त्यसको नेहरू सरकारको सेवामा लगाउने तरिका हो। महाराणासित सन्धि गरेर केही अमेरिकी व्यापारिक संस्थाहरूले आगामी ३० वर्षसम्मका लागि पश्चिम नेपालका केही भागहरूलाई आफ्नो नियन्त्रणमा लिइसकेका नै छन्। काठमाडौंस्थित अमेरिकी मिसनले हाम्रो मुलुकलाई आफ्नो उपनिवेशमा परिणत गर्न जोडतोडले काम गर्दै छ।

१८७५ देखि नेपालको मानव-शक्तिको उपयोग गरिआएका ब्रिटिस साम्राज्यवादीहरू पनि यस निन्दनीय काममा त्यत्तिकै सङ्लग्न छन्। ब्रिटिस-भारतीय र नेपाल सरकारका बीच नोभेम्बर ९, १९४७ मा काठमाडौँमा हस्ताक्षर गरिएको सन्धिको एउटा धारा यसप्रकारको छ- "भारतीय सरकारले के कुरालाई सकारेको छ भने भारत वा नेपालको कुनै ठाउँमा अर्को भर्तीकेन्द्र नबनेसम्म ब्रिटिस सरकारले पहिले भैँ गोरखपुर र घुमका भर्ती केन्द्रहरूको प्रयोग गर्नेछ।"

उपरोक्त एउटै धाराले नेहरू सरकार र महाराणा सरकारको 'तटस्थता' तथा 'स्वाधिनता' सम्बन्धी कथालाई धुजा-धुजा पारिदिएको छ। फेरि सो धाराले के नाङ्गो सत्यलाई प्रमाणित गरेको छ भने नेहरू सरकार र नेपाल सरकार दुवै प्रतिक्रियावाद तथा साम्राज्यवादी युद्धशिविरका सक्रिय सहभागी तथा चाकर हुन्।

नेपाली जनताको दुर्भाग्य यतिमा मात्र सीमित रहेको छैन। नयाँदिल्लीमा आफ्नो सरकारको संरक्षण तथा निर्देशन पाएको भारतीय ठूलो बन्द-व्यापारले ठूलो युद्धमा नेपालको ढोका खोलिरहेको छ। बिडला, सिङ्घानिया र चौधरियाले नेपालमा जुट, कपडा र चिनी मिलहरू खोलेका छन्। नेहरू सरकार आफैंले कोसी योजना लिएको छ। आज नेपालमा लगानी गरिएको पुँजीको अधिकाङ्श हिस्सा भारतीय पुँजीपतिहरूको छ। यी भारतीय पुँजीवादी लुटेराहरू नेपालको सस्तो श्रम र प्राकृतिक साधन-स्रोतहरूको शोषणमा लागेका छन् र उनीहरूको उद्देश्य आफ्नै थैली भर्नु हो; नेपालको औद्योगीकरण गर्नु होइन। किनभने, उनीहरू औद्योगीकरण गर्न अनिच्छुक मात्र होइन, असमर्थ पनि छन्। यसरी नेपाली जनता दोहोरो शोषणको जाँतोमुनि पिसिँदै छन्- सामन्ती शोषणलाई पुँजीवादी शोषणले टेवा दिँदै छ। आफ्नो प्राकृतिक अर्थतन्त्रको स्थितिबाट छुट्टिएर नेपाल अचानक विश्व पुँजीवादी अर्थतन्त्रको आँधीमा पर्न गएको छ र आसन्न सङ्कटको खतरनाक समाघातमा परेर काँपिरहेको र टुटिरहेको छ। यसबाट जनताको मुक्ति होइन, विनास हुने छ।

त्यसैले नेपाली जनताले एउटा भिन्नै बाटो लिनु पर्दछ। त्यो बाटो हो- विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी पुँजीवादी आधिपत्यलाई पूरैसित खत्तम पार्नु र मजदुरवर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी राज्य स्थापना गर्नु; अर्थात्, यस्तो राज्यव्यवस्था स्थापना गर्नु, जसमा जनता राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन्। विजयी समाजवादी देश सोभियत सङ्घको अनुभव र पूर्वी युरोपका लोक-जनवादी राज्यहरू, नयाँ चीन, उत्तर कोरिया तथा अघि बढिरहेका औपनिवेशिक जनताका अनुभवहरूले नेपाली जनतालाई दिन-प्रतिदिन यस गौरवपूर्ण सङ्घर्षमा प्रेरणा दिँदैछन् किनभने तिनले सर्वत्र उत्पीडित जनतालाई प्रेरणा दिन्छन्।

सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी आधिपत्यलाई खत्तम पार्ने सङ्घर्षमा मजदुरवर्गले अग्रणी भूमिका खेल्नु परेको छ र यो इतिहासले त्यसको काँधमा हालिदिएको अभिभारा हो। आज सङ्ख्यामा थोरै भए पनि नेपालको मजदुरवर्ग पुँजीवादी शोषण तीव्र हुँदै गएको सिलसिलामा दिन-प्रतिदिन सङ्ख्यात्मक र राजनीतिक दृष्टिले बलियो हुँदै छ। 'सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्सेभिक) को इतिहास' मा कमरेड स्टालिनले भन्नुभएको छ- "हामीले आफ्नो कार्यदिशाको आधार समाजका त्यस्ता अङ्गहरूलाई बनाउनुहुन्न, जो अहिले प्रमुख शक्ति रहे तापनि विकसित भइरहेका छैनन्, बरु हामीले त्यस्ता अङ्गहरूलाई आफ्नो आधार बनाउनुपर्छ, जो अहिले प्रमुख शक्ति नरहे तापनि विकसित भइरहेका हुन्छन् र जसका सामु भविष्य छ।"

नेपालमा विकासशील वर्गसङ्घर्षप्रति यस्तो द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको मद्धतबाट मात्र क्रान्तिकारीहरूले सही रणनीतिको प्रतिपादन गर्न र त्यसलाई मार्क्स-एङ्गेल्स-लेनिन-स्टालिनको अजेय झन्डामुनि विजयसम्म बढाउन सक्नेछन्।

३) हामी नेपालका मजदुर, किसान, सिपाही, श्रमजीवी, मजदुरवर्गहरू र सारा प्रजातन्त्रप्रेमी जनतालाई के अपिल गर्छौं भने उनीहरू सामन्ती एकतन्त्रवादका विरुद्ध र आफ्ना सर्वप्रिय आकाङ्क्षाहरूको सिद्धिकरणका लागि एउटा साझा मोर्चामा एकगठ होऊन्। हामीलाई के कुरामा पूर्ण विश्वास छ भने जनवादी शक्तिहरू निम्नलिखित जनवादी कार्यक्रमका आधारमा ठोसरूपले एकगठ हुन सक्दछन्-

१. सामन्ती एकतन्त्रवाद तथा विदेशी आधिपत्यको पूर्ण उन्मुलन र पूर्ण तथा वास्तविक स्वाधिनता।

२. मजदुर, श्रमजीवी, किसान र उत्पीडित निम्नपुँजीपति वर्गको प्रतिनिधित्व गर्ने जनवादी सरकार, जो अङ्ग्रेज-अमेरिकी साम्राज्यवाद र त्यसका भारतीय पिछलग्गुहरूसित सहयोगको विरोधी हुन्छ र जसले शान्ति तथा सबै जातिहरूको स्वतन्त्रताका लागि क्रियाशील जनवादी राज्यहरूसित सहयोग गर्दछ।

३. बालिग मताधिकारमा आधारित संविधान, जसले सर्वसाधारणलाई पूर्ण स्वतन्त्रता तथा प्रजातन्त्र र आधारभूत आर्थिक अधिकारको ग्यारेन्टी गर्दछ। विशेषाधिकारहरू र जातपात, नश्ल र जातिका आधारमा गरिने भेद्भाव कानुनद्वारा खत्तम पारिनेछ र यसको उल्लङ्घनलाई कानुनद्वारा दण्डनीय पारिनेछ।

४. विनामुआब्जा जमिनदारी प्रथा र सबैखाले सामन्ती शोषणको उन्मुलन र जोताहाहरूलाई जमिनको वितरण गर्नु, ग्रामीण ऋण खत्तम गर्नु, कृषि मजदुरहरूलाई जीवनयोग्य ज्यालाको व्यवस्था गर्नु।

५. बैङ्क, औद्योगिक तथा यातायात व्यवसाय, बगान, खानी आदिमा लगाइएको विदेशी पुँजी राज्यद्वारा जफत गर्नु र ती व्यवसायहरूको राष्ट्रियकरण गर्नु।

६. ठूलठूला उद्योगहरू, ठूला बैङ्कहरू र बीमा कम्पनीहरूको राष्ट्रियकरण, मजदुर नियन्त्रणको ग्यारेन्टी, न्यूनतम जीवनयोग्य ज्याला, आठ घन्टाको कार्यदिन आदि।

७. मुलुकका साधन-स्रोतहरूको विकास गर्न आर्थिक योजना र रणनीतिक आर्थिक केन्द्रहरूबाट ठूला व्यवसायलाई हटाउनु, निजी उद्योगहरूमा नाफामाथि नियन्त्रण।

८. सबै दमनकारी कानुनहरू खारेज गर्नु।

९.नोकरशाहीको उन्मुलन र निर्वाचित अधिकारीहरू सहितको र जनसमितिहरूद्वारा निर्देशित प्रशासन।

१०. आम जनतालाई सशस्त्र पार्नु र जनताको जनवादी सेना स्थापना गर्नु।

११. स्वतन्त्र शिक्षा र अनिवार्य प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार।

१२. महिलाहरूलाई समान प्रजातान्त्रिक अधिकारहरू।

जनवादी मोर्चा र यसको निर्माण गर्ने नेपाल कम्युनिस्ट पार्टीले नेपालका विश्वासघाती राजनीतिक पार्टी तथा नेताहरूका विरुद्ध दृढरूपमा सङ्घर्ष गर्नुपर्छ र जनताका झुट्टा मित्रहरूलाई निर्ममतापूर्वक उदाङ्गो र एक्लो पार्नु पर्दछ। जति हदसम्म बिगार्नेहरूका विरुद्ध सङ्घर्ष चलाई तिनलाई परास्त गरिन्छ, त्यति हदसम्म नै नेपालमा जनसङ्घर्षले वास्तविक क्रान्तिकारी बेग प्राप्त गर्नेछ।

नेपाली राष्ट्रिय काङ्ग्रेस (रेग्मी गुट र कोइराला गुट) र तथाकथित प्रजातन्त्र काङ्ग्रेसले नेपाली जनताका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हितहरूप्रति विश्वासघात मात्र गरेका होइनन् कि नेपालको सामन्ती निरङ्कुशतावादसित भारतका प्रतिक्रियावादी पुँजीवादी नेहरू सरकारसित र अङ्ग्रेज-अमेरिकी युद्धखोरहरूसित सहयोग गर्ने निर्लज्ज नीतिको अनवरतरूपले अनुशरण समेत गरिरहेका छन्। आफ्ना मुखपत्र र भाषणहरूमा उनीहरूले सोभियत सङ्घ, गौरवशाली चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनताको बेगवान विजय, मलाया, भियतनाम, इरान तथा इण्डोनेसियाका विरुद्ध विषालू बदनामीहरू ओकलिरहेका छन्। उनीहरूको भनाइअनुसार महाराणाको घृणित सरकार नेपालका श्रमजीवी जनताको साझा सत्रु होइन। उनीहरूको भनाइअनुसार कम्युनिज्म र कम्युनिस्टहरू नेपालका लागि मुख्य खतरा छन् र उनीहरू कम्युनिज्मका विरुद्ध आफ्नो 'पवित्र अभियान' मा महाराणाको रक्तरञ्जित हातसित हात मिलाउन समेत इच्छुक छन्। कम्युनिज्मका विरुद्ध उनीहरूको पाखण्डी घृणामा मौलिक कुरा केही पनि छैन। यो त संसारभरका जनसत्रुहरूको सुपरिचित तथा दिवालिया नीति हो। कम्युनिज्म-विरोधलाई आवरण बनाएर उनीहरू आफ्नो अपराधपूर्ण निहित स्वार्थको रक्षा गर्न शोषित जनताका विरुद्ध लड्ने गर्दछन्।

उदीयमान मध्यमवर्गको सानो तहको प्रतिनिधित्व गर्ने रेग्मी र खुद आफैं सामन्ती मालिक रहेका असन्तुष्ट राणाहरू श्रमजीवी जनताको शोषणलाई खत्तम पार्नमा बिल्कुल चासो राख्दैनन्। उनीहरू विद्यमान सत्तासित सम्झौता गर्न चाहन्छन् र जनताको रगत चुस्ने काममा 'उचित हिस्सा' प्राप्त गर्न मात्र उत्सुक छन्। आफ्ना खराब उद्देश्यलाई सही सिद्ध गर्नका लागि उनीहरू जनताको वास्तविक असन्तोषसित खेलबाड गर्छन्, विरोधको टोपी लगाउँछन् र नक्कली वीरता देखाउँछन्। तर, सदासर्वदा उनीहरू आम जनताको क्रान्तिकारी शक्ति र अग्रसरतालाई रोक्न भगिरथ कोसिस गर्दछन्। जब असन्तोषले सारा छेकबारलाई भत्काउन लागेको हुन्छ, अनि यी बाग्बहुल वीरहरू सङ्घर्षरत जनताको पिठपछाडि सङ्घर्षलाई फिर्ता लिन्छन् र महाराणासित गर्हित सम्झौता गर्छन्। उनीहरूले हालसालै मात्र पनि यसो गरेका छन्।

कम्युनिस्टहरू श्रमजीवी जनताको सङ्घर्षका सबभन्दा सम्झौताहीन समर्थक हुन् त्यसैले स्वभावतः यी गद्दारहरू कम्युनिस्टहरूका विरुद्ध आफ्नो मुख्य हमलालाई केन्द्रित पार्छन्। शोषित जनताप्रतिको विश्वासघात र शोषक वर्गहरूप्रतिको अधिनस्थतालाई लुकाउन उनीहरूले 'तेस्रो बाटो' को झुट्टो नारा उठाएका छन्। अङ्ग्रेज-अमेरिकी एकाधिकारी पुँजीको नेतृत्वमा रहेको पुँजीवादको शिविर र सोभियत सङ्घ तथा अन्तर्राष्ट्रिय मजदुरवर्गको नेतृत्वमा रहेको समाजवादको शिविरमाझ स्पष्टरूपले विभाजित संसारमा कुनै 'तेस्रो बाटो' र कुनै 'मध्यम मार्ग' को नीति हुन सक्दैन। उपर्युक्त दुई शिविरमा, दुई बाटोमा एउटा सबैले चुन्नैपर्छ। 'तेस्रो बाटो' को नारा प्रतिक्रियावादसितको गठबन्धन र विश्वासघाती अनुहारलाई लुकाउन प्रयोग गरिएको राजनीतिक छद्मभेष मात्र हो। नेहरूको 'तेस्रो बाटो' यसको एउटा घीनलाग्दो प्रमाण हो।

नेहरूले 'तेस्रो बाटो' बाट सुरु गरेर केही महिनाभित्रै उनी साम्राज्यवादी पुँजीवादी सामन्ती गठबन्धनको शिविरमा, अङ्ग्रेज-अमेरिकी युद्धखोरहरूको शिविरमा सामेल भए। 'तेस्रो बाटो' को अनिवार्य गन्तव्यस्थान यही हो। यो अन्तर्राष्ट्रिय सामाजिक जनवादको घृणित झन्डा हो, मजदुरवर्गप्रति विश्वासघातको झन्डा हो।

हामी नेपालमा प्रजातन्त्रवादी जनतालाई के आह्वान गर्छौं भने उनीहरू यी झुट्टा मित्रहरूबाट, यी नक्कली प्रजातन्त्रवादीहरूबाट सतर्क होऊन् र उनीहरूले सोभियत सङ्घद्वारा नेतृत्व गरिएको विश्व साम्राज्यवादविरोधी शिविरको पक्षमा दह्रो अडान लेऊन् र लोक-जनवादका लागि सम्झौताहीन सङ्घर्ष अघि बढाऊन्।



दस्तावेज

पुष्पलाल

शोषित-पददलित जनताका पङ्क्तिमा रहेका दाजुभाइ-दिदीबहिनीहरू हो!

संसारका सङ्घर्षरत जनताको नेता समाजवादी सोभियत सङ्घका विरुद्ध हाम्रो पवित्र मातृभूमिलाई साम्राज्यवादी युद्ध-अखडामा फेर्ने अपराधी योजनालाई विफल पार्न दृढरूपमा सङ्घर्ष गर्नुहोस्। नेपालका श्रमजीवी जनताले कहिल्यै पनि सोभियत सङ्घका विरुद्ध सङ्घर्ष गर्ने छैनन् र आफ्ना वर्गीय दाजुभाइहरूका विरुद्ध कहिल्यै पनि हात उठाउने छैनन्।

विदेशी साम्राज्यवादी डकैतीको रक्षार्थ रगत बगाउन इन्कार गर्नोस्! नेपालका गरिब जनताले अरु मुलुकका गरिब जनताको शोषण गर्नमा साम्राज्यवादी उपनिवेशवादीहरूलाई किन मद्धत गर्ने? नेपालका गरिब जनताले हाम्रो मुलुक र जनतामाथि आधिपत्य जमाइरहेका उही अङ्ग्रेज-अमेरिकी साम्राज्यवादीहरूलाई बलियो पार्न आफ्नो जीवनको वलिदान किन गर्ने? बर्मा, मलाया र अन्य दक्षिण एसियाली मुलुकहरूका मुक्ति-सङ्घर्षका विरुद्ध लड्न इन्कार गर्नोस् किनभने ती मुलुकहरूका जनता पनि उही मागहरूका लागि र उही शोषकवर्गका विरुद्ध लडिरहेका छन्, जुन मागका लागि र जुन शोषकवर्गका विरुद्ध नेपाली जनता आफ्नो मुलुकमा लडिरहेका छन्। शोषितहरूका विरुद्ध होइन, शोषकहरूका विरुद्ध लड्न कम्मर कस्नोस्! आफ्नै दाजुभाइतिर होइन, सर्वसाधारण जनताका सत्रुहरूतिर आफ्नो बन्दुक सोझ्याउनुहोस्! आफ्ना दाजुभाइहरूका विरुद्ध लड्नुको अर्थ आफ्नै दासत्वलाई बलियो पार्नु हो। घृणित महाराणा र उनका अधिकृतहरूको आदेशमा आफ्नो मुलुकका आफ्नै जनतालाई दबाउन दृढतापूर्वक इन्कार गर्नुहोस्। महाराणा र उनको साँघुरो शासकगुटले तपाईंहरूलाई तपाईंकै जग्गाको हकबाट वञ्चित पारेका छन्, तपाईंहरू र तपाईंहरूका नातेदारहरूलाई भोकमरीको मुखमा हालेका छन् र अनि तपाईंहरूको अति गरिबीबाट फाइदा उठाएर आफ्नो लुटको साम्राज्य बचाउन सशस्त्र चाकरका रूपमा तपाईंहरूलाई भर्ती गरिरहेका छन् र विदेशी साम्राज्यवादीहरूलाई भरौटेका रूपमा तपाईंहरूको बेचबिखन गरिरहेका छन्। त्यस्तो सेनामा तपाईंहरूको जीवन एक सततः अपमान हो। आफ्नै भोका दाजुभाइ तथा दिदीबहिनीहरूलाई गोली हान्न इन्कार गर्नोस्; थिचाहा शोषकहरूतर्फ आफ्नो सङ्गीन सोझ्याउनुहोस् र आफ्ना सङ्घर्षरत जनताको पक्ष लिनुहोस्। यो नै मुक्तिको बाटो, सम्मानको बाटो र जीवनको बाटो हो।

नेपालका मजदुरहरू हो! तपाईंहरूको मार्च, १९४७ को आफ्नो पहिलो हड्ताल-सङ्ग्रामहरूको बेलामा नै आफ्नो झन्डा, विश्व सर्वहारावर्गको अन्तर्राष्ट्रिय एकताको झन्डा उठाउनु भएको छ। निष्काशित राणाहरू र भारतका समाजवादी नेताद्वारा समर्थित काङ्ग्रेसी नेताहरूले तपाईंहरूको वर्गसत्रुसितको पहिलो मुठभेडप्रति विश्वासघात गरे पनि त्यो मुलुकभर फैलियो। काङ्ग्रेसी गद्दारहरूले औपचारिकरूपमा हडताल बन्द गर्ने घोषणा गरिसकेपछि पनि राजधानीमा विभिन्न विभागका सरकारी कर्मचारीहरूले बाँच्न योग्य ज्याला र कामको राम्रो अवस्थाका लागि हडताल गरे। अब एकताबद्ध तागतद्वारा आफ्नो सङ्घर्षलाई अघि बढाउनका लागि सबै जिल्लाहरूबाट प्रतिनिधिहरू राखी आफ्ना स्वतन्त्र मजदुर सङ्घहरू गठन गर्नोस् र उपर्युक्त महत्वपूर्ण मागहरूको तत्काल पूर्तिका लागि, बाँच्न योग्य ज्याला, आठ घन्टा कार्यदिन, कामको राम्रो अवस्था, सेवाको सुरक्षा, बूढेसकालमा भत्ता, केटाकेटीहरूका निम्ति मुफ्त शिक्षा, पूर्ण मजदुर सङ्घीय अधिकारहरूको कार्यान्वयनका लागि आफ्ना शक्तिहरूको परिचालन गर्नोस्।


मजदुर साथीहरू हो! एकता, सङ्गठन र सङ्घर्षमा हाम्रो तागत रहेको छ। नयाँ नेपाल र प्रजातान्त्रिक जीवन पद्धतिको निर्माणका लागि लालझन्डाको नेतृत्वमा नयाँ सङ्ग्रामहरूतर्फ अघि बढ्नुहोस्।

नेपालका श्रमजीवी किसानहरू हो! वर्तमान सामन्ती व्यवस्थाका विरुद्ध कठोर र सम्झौताहीन सङ्घर्षबाट नै तपाईंहरूको मुक्ति हुने छ। यस गौरवशाली सङ्घर्षमा तपाईंहरू न कमजोर हुनुहुन्छ, न एक्लो। तपाईंहरू मुलुकमा अत्यधिक बहुसङ्ख्यामा हुनुहुन्छ। वीरतापूर्ण मजदुरवर्ग यस सङ्घर्षको अघिल्लो

क्रमशः अन्तिम पृष्ठमा



# देउवा, दाहाल र नेपालबीच भेट : के-के भए कुराकानी ?



**काठमाडौं ।** अमेरिकी सैन्य योजना मानिएको 'मलेनियम च्यालेन्ज कर्पोरेशन' (एमसीसी)का सम्बन्धमा सर्वत्र विरोध भइरहेको बेला प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच भएको भेटवार्तालाई निकै महत्वका साथ हेरिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको सो भेटवार्तामा नेतात्रयबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिए । मुलुकमा पछिल्लोपटक 'मिलेनियम च्यालेन्ज कर्पोरेशन' (एमसिसी) संसदबाट पारित गर्नुपर्ने विषयमा प्रमुख दलहरूबीच वादविवाद चलिरहेकै छ।

सोही क्रममा सोमबार बसेको मन्त्रिपरिषदको बैठकले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेपछि त्यसको तयारीबारे सत्ता गठबन्धनका दलहरूबीच विभिन्न चरणमा छलफल समेत जारी छ।

यसैबीच कांग्रेस नेता डा शेखर कोइरालाले अध्यक्ष दाहाललाई उनकै निवासमा पुगेर एमसीसी, स्थानीय तहको निर्वाचनलगायत विषयमा छलफल गरेका कोइरालाको सचिवालयले बताएको छ।

# 'सहयात्रीहरू घर फर्किए' भन्दै प्रचण्ड खुसी



**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले क्रान्तिकारी सहयात्रीहरू एक ठाउँमा हुनुको विकल्प नरहेको बताएका छन् ।

नेत्रविक्रम चन्द नेतृत्वको नेकपा जुम्ला जिल्ला समितिलाई पुरानै घर अर्थात् माओवादी केन्द्रमा भित्र्याउँदै परिवर्तनबाट प्राप्त उपलब्धीलाई जोगाउन पनि क्रान्तिकारीहरू एकजुट हुनुपर्नेमा जोड दिएका हुन् ।

प्रचण्डनिवास खुमलटारमा आयोजित एक कार्यक्रमबीच जिल्ला इन्चार्ज चन्द्रवीर तिरुवासहित जिल्ला सेक्रेटरी, सह-सेक्रेटरीलगायत दुई दर्जनभन्दा बढी नेता-कार्यकर्ता माओवादी केन्द्रमा प्रवेश गरेका थिए । सोही अवसरमा अध्यक्ष प्रचण्डले परिवर्तनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्दै जनताको भाग्य भविष्यका लागि अझै लड्दै जान पनि माओवादी शक्तिहरू एकजुट हुन आवश्यक रहेको चर्चा गरेका थिए ।

देशभित्र र बाहिरका प्रतिक्रियावादीहरूले कसरी घेरा हालेर माओवादीलाई सखाप पार्न सकिन्छ भनेर लागिरहेका टिप्पणी गर्दै अध्यक्ष दाहालले भने 'हामी यति ठूलो परिवर्तनका वाहक विघटन वा विभाजन तिर जाँदा प्रतिक्रियावादीलाई धेरै ठूलो फाइदा हुन्छ र जनतालाई धेरै ठूलो घाटा हुन्छ ।' हाल विस्तारै विभाजनका घाउहरू बिर्सिँदै र देशको वस्तुगत अवस्थालाई मनन गर्दै माओवादी एक ठाउँमा केन्द्रित हुँदै गएको अध्यक्ष प्रचण्डको भनाइ थियो ।

नवप्रवेशी नेता-कार्यकर्ताहरूलाई पार्टीमा उचित जिम्मेवारी दिइने विश्वास दिलाउँदै अध्यक्ष दाहालले 'जनतासँग जोडिएर र माओवादी आन्दोलनलाई केन्द्रित गरेर हामी विजयी हुन्छौं । हामीलाई कसैले परास्त गर्न सक्दैन' भने ।

नेपाली कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउन अध्यक्ष दाहाल मात्रै सक्षम रहेको टिप्पणी गर्दै इन्चार्ज तिरुवाले अन्य कसैले रहर गरेर नहुने निष्कर्षसहित अबको समाजवादी क्रान्तिका लागि अध्यक्ष प्रचण्डकै नेतृत्वको पार्टीमा आफूहरू घर फर्किएको बताएका थिए ।

# कोभिड-१९ महामारीबीच ह्वात्तै बढ्यो महिला हिंसा




**काठमाडौं ।** राष्ट्रिय महिला आयोगले कोभिड-१९को महामारीका अवधिमा महिला विरुद्धको हिंसाका घटनामा ह्वात्तै बढेको छ । आयोगमा पदाधिकारीको एक वर्ष पुगेको अवसरमा राजधानीमा आयोजित पत्रकार सम्मेलनमा यही माघ २ देखि २० गतेसम्म मात्र दुईसय ९४ महिला हिंसाका मुद्दा दर्ता भएको जानकारी दिएको हो ।

आयोगका अध्यक्ष कमला पराजुलीले माघ महिनामा मात्र भौतिक रुपमा उपस्थित भएर घटना दर्ता गराउनेको मात्र तथ्यांक भएको र टोल फ्री नम्बरबाट पनि त्यतिकै घटनाको उजुरी दर्ता भएको बताए ।

आयोगले गम्भीर प्रकृतिका घटना स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सुझाव प्रदान गरी पीडितलाई सहयोग समेत प्रदान गरेको छ । सातै प्रदेशका विभिन्न जिल्लामा गई विभिन्न सेवा प्रदायक निकायको अनुगमन गरेको छ । एक वर्षमा भएका हिंसाका घटनामा आयोगले सहयोग गरेको छ । यसैबीच गोदावरीमा मट्टीतेल खन्याई जलाइएकी मुना मगर र डोटीमा मट्टीतेल खन्याई जलाइएकी लक्ष्मी भाटलाई लैंगिक हिंसा निवारण कोष पाँच-पाँच लाख रुपैयाँ उपलब्ध गराइएको जानकारी दिइयो ।

यसैबीच आयोगले सरकारका सरोकारवाला निकायसँग कोरोनाको महामारीका समयमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि उच्चस्तरीय समिति र सरोकारवालासँग छलफल समेत गरेको छ ।

राजधानीकै स्वयम्भुमा बोक्सीको आरोपमा चरम यातना दिइएकी महिलालाई कोषबाट पाँच लाख उपलब्ध गराउनुका साथैसडकमा अलपत्र परेका वृद्ध दम्पत्तिलाई जोरपाटीबाट उद्धार गरी वृद्धाश्रममा पुनर्स्थापना गरेको पनि आयोगका पदाधिकारीहरूले जानकारी दिए ।

आयोगले मानसिक समस्या भइ समयमै उपचार नपाइ खोरमा थुनिएकी फाल्गुनन्द गाउँपालिका-४ चिलिङ्गदिनकी ३५ वर्षीया नन्दकुमारी नेम्वाङको यसै महिना उद्धार गरी काठमाडौंमा पुनर्स्थापना गृहमा राखी उपचार भइरहेको पनि बताएको छ ।

# पर्यटकको मनै लोभ्याउने हिउँले सेताम्मे खप्तड क्षेत्र

**काठमाडौं ।** यसअघि सुक्खा देखिने डाँडाकाँडाहरू हिमपातपछि चाँदीझैं सेताम्मे मनै लोभ्याउने देखिएका छन् । बिहीबार रातिदेखि परेको हिउँले यतिबेला पर्यटकलाई आकर्षित बनाएको छ । डोटी जिल्लाका सेताम्मे डाँडाकाँडाहरूले जिल्लाका आन्तरिक पर्यटकलाई आकर्षित गरेको हो ।

भारी हिमपातसँगै सुदूरपश्चिमको प्रमुख पर्यटकीयस्थल खप्तडसहित बग्लेकमा हिउँ हेर्ने आन्तरिक पर्यटकको भीड लागेको हो । सेताम्मे हिउँ जमेको खप्तडका विभिन्न रमणीयस्थल तथा हिमालका दृष्य अवलोकन गर्नका लागि भएपनि अहिले बग्लेकमा आन्तरिक तथा बाह्यि पर्यटक भित्रिन थालेको खप्तड राष्ट्रिय निकुञ्जको कार्यालयले जनाएको छ ।

हिउँले ढाकिएर चाँदीझैं टलक्क टल्कने डाँडाकाँडामा पुगेर हिउँ खेल्नकै लागि भए पनि आन्तरिक पर्यटकको घुइँचो लाग्न थालेको छ । हिउँ जमेका डाँडाकाँडाहरूमा रमाउन तथा अवलोकन गर्नका लागि दिनहुँ सयौं पर्यटक पुग्ने गरेका छन् । डोटीको पूर्वीचौकी-२ स्थित बग्लेक क्षेत्रमा भारी हिमपातपछि सरकारी कर्मचारीदेखि आन्तरिक पर्यटकलगायत हिउँ खेलेर मनोरञ्जन लिइरहेका छन् । विगत सात वर्षयताकै सबैभन्दा बढी हिउँ यस क्षेत्रमा हिउँमा रमाउनेहरूको घुइँचो लागेको स्थानीयले बताए । खप्तड क्षेत्रमा बाक्लो हिउँ जमेकाले प्रभावित पशुपन्छी बग्लेक झरेका छन् ।

जिल्लामा कोरोना जोखिम कायमै रहेको र सार्वजनिक ठाउँमा बढी भिडभाड नगर्न स्थानीय प्रशासनले सबैमा आग्रह गरे पनि हिउँ खेल्नका लागि दैनिक सयौं नागरिक बग्लेक पुग्ने गरेको स्थानीयवासी भरतबहादुर साउँदले जानकारी दिए । 'हिउँले डाँडाकाँडा र रुख सेताम्मे भएका छन्, कोरोनाको बेवास्ता गर्दै आन्तरिक पर्यटक दैनिक हिउँ खेल्न आउने गरेका छन्' हिउँ खेल्नका लागि बग्लेक व्यापार व्यवसाय फस्टाएको साउँदले भने ।

हिउँ खेल्न आउने आन्तरिक पर्यटकका कारण यस क्षेत्रमा निकै चहलपहल बढेको अर्का स्थानीय धनबहादुर विष्टले बताए । 'बग्लेकलाई मिनी खप्तडका रुपमा पनि चिनिँदै आएको थियो, अहिले हिउँ परेपछि आन्तरिक पर्यटक आउन थालेकाले यहाँको चहलपहल झनै बढेको छ' विष्टले भने । सेताम्मे डाँडाकाँडामा हिउँ खेल्दै टिकटक बनाउनेदेखि दिनभरि हिउँमा चिप्लेटी खेल्नेसम्मका पर्यटकका कारण बग्लेकमा चहलपहल ह्वातै बढेको छ ।

सदरमुकाम सिलगढीबाट झन्डै ३० मिनेटको बसयात्रा गरी पुगिने बग्लेकमा हिउँमा रमाउन पुग्ने पर्यटकको संख्या वृद्धि भएको लडबुद्ध होटेल सिलगढीका सञ्चालक सिद्धराज जोशीले बताए ।

'गाडीको यात्रामा बग्लेक नजिकै छ, त्यसैमा झन यो वर्ष उल्लेख्य मात्रामा हिउँ परेपछि उक्त क्षेत्र पर्यटकको प्रमुख रोजाइँमा परेको हो' जोशीले भने । हिउँ खेल्नका लागि त्यस क्षेत्रमा झन्डै तीन हजार आन्तरिक पर्यटक पुगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कोरोना भाइरस संक्रमणको जोखिमलाई मध्यनजर गर्दै बढी भिडभाड नगर्न आग्रह गरिए हरियाली मैदान र हिउँले ढाकिएको आग्लो डाँडा समेत रहेको बग्लेकमा हिउँ खेल्न पुग्नेहरूलाई रोक्न नसकिएको प्रहरीले बताए । करिब सात वर्षपछिकै सबैभन्दा बाक्लो हिमपात भएको यस क्षेत्रमा हिउँ खेलेर मनोरञ्जन लिनेको संख्या यतिबेलो ह्वात्तै बढेको पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष दीर्घराज बोगटीले बताए ।

# रासायनिक मल कारखानाको स्थापनामा मन्त्री भुसालको जोड



**काठमाडौं ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले रासायनिक मल कारखाना स्थापना गर्नुपर्नेमा जोड दिएकी छन् । कृषि मन्त्रालयमा आयोजित छलफल कार्यक्रममा मन्त्री भुसालले जलविद्युतको प्रयोग गरेर रासायनिक मल कारखाना स्थापना भन्दै दीर्घकालीन एवं राष्ट्रको हितका लागि पनि जलविद्युतकै प्रयोगबाट सम्पूर्ण उद्योग तथा कलकारखाना सञ्चालन हुनुपर्ने बताएकी हुन् ।

'देशभित्र ऊर्जाका रुपमा जे खपत हुन्छ त्यो जलविद्युतबाट उत्पादित ऊर्जा नै हुनुपर्छ' भन्दै मन्त्री भुसालको लगानी बोर्डमार्फत लगानी गर्ने उद्योगी व्यवसायीले पनि नाफासँगै देशको माया गरेर विद्युतीय ऊर्जा खपतलाई प्रोत्साहन गर्नुपर्नेमा जोड थियो 'हामी देशभक्त नागरिकले राष्ट्रको हितलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, यहीभित्र नाफा, व्यापार खोजौं, मेरो विनम्र आग्रह छ ।'

उनले आफूहरू आवश्यकता अनुसारको विद्युत उपलब्ध गराउन तयार रहेको उल्लेख भनिन् 'जलविद्युत आयोजनाको सञ्चालन खर्च मात्र लिएर पनि विद्युत दिन तयार छौं ।' ऊर्जाकै कारणले मल उत्पादनमा लागत महंगो हुने स्थिति आउन नदिने विश्वास दिलाउँदै मन्त्री भुसालले भनिन्- 'ऊर्जाकै कारणले महंगो हुने स्थिति आउँदैन त्यसका लागि ऊर्जा मन्त्रालय आश्वस्त पार्न चाहन्छ ।'

'हामीले तत्कालको लागत मात्र हिसाब गरेर ग्यासबाट उद्योग स्थापना गर्ने निर्णयमा पुग्नु अगाडि भावी पुस्ता, दिगो विकास लक्ष्य, विश्वसामु हामीले गरेका प्रतिबद्धतालाई समेत गहिरो ढंगले सोच्नुपर्छ' उनले डलरमा खरिद गरेर ल्याइएको ग्यासभन्दा स्वदेशमै उत्पादन भएको ऊर्जा प्रयोग गर्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री महेन्द्र राय यादवले मल खादमा पनि देशलाई आत्मनिर्भर बनाउन पर्नेमा जोड दिँदै मल अभावको राष्ट्रिय समस्यालाई हल गर्न सबैले सहयोग गर्नुपर्ने बताए । उनले विद्युत उत्पादनबाटै मल उत्पादन भयो भने आत्मनिर्भर हुने भन्दै लागतको विषयमा पनि छलफल गर्नुपर्ने बताए ।

यसैबीच नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले खाद्य सुरक्षाका लागि पनि मल कारखाना स्थापना महत्वपूर्ण भएको र त्यसका लागि नेपालकै विद्युतीय ऊर्जा प्रयोग हुनुपर्ने बताए । छलफल कार्यक्रममा नेपालमै मल कारखाना स्थापना गर्ने विषयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र लगानी बोर्डसहित सरोकार पक्षको सहभागिता रहेको थियो ।

## कागेश्वरी मनोहरा नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**कागेश्वरी मनोहरा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, काठमाडौं, नेपाल)

## चाँगुनारायण नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**चाँगुनारायण नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, भक्तपुर, नेपाल)

## सूर्यविनायक नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**सूर्यविनायक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, भक्तपुर, नेपाल)

## गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**गोकर्णेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, काठमाडौं, नेपाल)

## 'पूर्खाको पौरख, पनौतीको गौरव : १२ वर्षे मकर मेला हामी सबैको वैभव'

'घुम्न जाऔं पनौती यही माघैमा, भरौं मकर कमाऊँ पुण्य हाम्रो साथैमा'
स्तरीय, सुरक्षित बसाइमा होमस्टे, होटल, रिसोर्ट/यात्राका लागि सार्वजनिक बस सेवा,
राजधानी काठमाडौंबाट मात्र ३२ कि.मी. दक्षिण-पूर्व पनौतीको पवित्र त्रिवेणी घाटमा
१२ वर्षे मकर मेलामा सहभागी बनौं ।

**पनौती नगरपालिका**
मकर मेला मूल व्यवस्थापन समितिको सचिवाल

## नयाँ राष्ट्रिय...

चुनौतीपूर्ण जिम्मेवारीले आत्मविश्वास बढाएको समेत बताए। लोकतन्त्र प्रवचन दिने विषय नभएको स्पष्ट गर्दै आत्मसात र व्यवहारमा लागू गर्ने विषय भएको बताए। संसद्मा लोकतन्त्रको उच्चतम अभ्यास गर्ने थलो भए तापनि विविध कारणले योग्यता र क्षमताको गतिलो अभ्यास गर्न नसकिरहेको सभामुख सापकोटाको भनाइ थियो।

अनुभव आदान-प्रदान कार्यक्रमबीच आफ्ना धारणा राख्दै राष्ट्रियसभा उपाध्यक्ष शशिकला दाहालले पछिल्लो दुई वर्षमा कोभिड-१९ महामारीका कारण अन्य क्षेत्रजस्तै संसद् पनि प्रभावित भएका कारण कानुन निर्माण तथा संसदीय अभ्यासका काम सोचेअनुरुप गर्न नसकिएको बताइन्। पर्याप्त बैठक तथा छलफल हुन नपाउँदा सदनमा आएका विधेयक तथा जनसरोकारका अन्य विषय प्रभावित हुन पुगेका तथा नियमित संसद् बैठक सञ्चालन नहुँदा सिकाइका विविध पक्ष छुटेको उपाध्यक्ष दाहालको धारणा थियो।

ऐन, कानुन निर्माणदेखि सदन सञ्चालनसम्मका संसदीय गतिविधिमा सबै सांसदको भूमिका बराबरी रहने भए पनि महिला पदाधिकारी तथा सांसदलाई यस्ता अभ्यासमा अपवादबाहेक ओझेलमा पारिएको आफूले अनुभव गरेको उपाध्यक्ष दाहालको गुनासो थियो।

यस्तै प्रदेश नं १ की उपसभामुख सरस्वती पोखरेलले अत्यन्तै अप्ठ्यारो परिस्थितिमा प्रदेशसभाले काम गर्नु परेको, आफ्नो अधिकारका लागि लड्नु परेको अनुभव सुनाएकी थिइन्। उनले सभा प्रारम्भ र अन्त्य गर्ने अधिकारका लागि पनि ठूलै संघर्ष गर्नुपरे पनि प्रदेशमा भएको अभ्यासले महिलाको नेतृत्व विकास हुँदै गएकाले आगामी दिनमा कम्तीमा तीन प्रदेशमा महिला सभामुख हुने व्यवस्था हुनेपर्नेमा जोड दिएकी थिइन्।

यसैगरी मधेस प्रदेशका उपसभामुख उपमाकुमारी देवले प्रदेशसभा सञ्चालन र अन्त्य गर्ने अभ्यासमा आफूहरू पनि पुरुषसरह नै सक्षम साबित भइसकेको अनुभव सुनाएकी थिइन्। उपसभामुख देवले महिला हुनका नाताले विभिन्न चुनौती र समस्या भोगिरहनु परेको सुनाउँदै यसै क्रममा प्रदेशको नामकरण भएको र पचासभन्दा बढी विधेयक पारित भएका तथा केही छलफलका चरण रहेको पनि जानकारी दिइन्।

यता बागमती प्रदेशकी उपसभामुख राधिका तामाङले चार वर्षबीच भए गरेको कामकारबाही तथा समावेशी र समानुपातिक प्रतिनिधित्वबारे जानकारी गराउँदै प्रदेशसभाले ६१ वटा विधेयक समेत पारित गरेको उल्लेख गरेकी थिइन्। उनले महिला सांसदको क्षमता अभिवृद्धिका लागि गरिएको अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमले कानुन निर्माणमा महिला सदस्यको सक्रियता बढाएको जिकिर गर्दै कतिपय संसद्का गतिविधि मिडियाबाट मात्रै थाहा हुँदा नमिठो लाग्ने गरेको गुनासो पोखेकी थिइन्। उनले आगामी दिनमा अधिकारसहितको उपसभामुखको व्यवस्था हुनुपर्नेमा जोड समेत दिइन्। आफ्नो कार्यकालमा भए गरेका कार्यबारे जानकारी दिने क्रममा गण्डकी प्रदेशकी उपसभामुख सिर्जना शर्माले पचास विधेयक पारित गरेको, विशेष अधिवेशनको अभ्यास भएको, राष्ट्रिय राजनीतिको अवस्थाले कानुन निर्माण र विकास लगायतका काम अप्ठ्यारो पारेको अनुभव सुनाइन्। संसदीय समिति र मन्त्रिमण्डलमा महिलाको प्रतिनिधित्व कमजोर हुँदा संविधानको मर्म र भावना आत्मसाथ गर्न नसकेको स्पष्ट पार्दै शर्माले सभा चलाउने जिम्मेवारी सभामुखको पालो दिने मात्रै उपसभामुखको हो भन्ने बेलाबखतमा आभास भएको सुनाइन्।

महिला उपसभामुखको पद 'माया बैगुनी नभई नहुने' जस्तो भएको कर्णाली प्रदेशकी उपसभामुख पुष्पा घर्तीले आफ्नो अनुभव सुनाउँदै भनिन्, 'संविधानको मर्म र भावनाअनुरुप आगामी दिनमा सात प्रदेशमध्ये कम्तीमा तीन जना सभामुख महिला हुने व्यवस्था सुनिश्चित गरिनुपर्छ।'

यस्तै सुदूरपश्चिम प्रदेशका उपसभामुख निर्मला बडालले प्रदेश सरकारमा दुई मन्त्री, तीन राज्यमन्त्री तथा दुईवटा समिति सभापतिको नेतृत्त्व महिलाबाट भइरहेको जानकारी दिँदै प्रदेशसभाले चार वर्षे अवधिमा ४१ ऐन तर्जुमा गरे तापनि कतिपय प्राविधिक कारणले जनसरोकारसँग जोडिएका कानुन तर्जुमा गर्न अझै नसकेको, कर्मचारीको अभावले विकास निर्माण काम प्रभावित भएको अनुभव पोखेकी थिइन्।

अनुभव आदान-प्रदानका माध्यमबाट संसदीय प्रक्रिया, विधि निर्माण, जनताप्रतिको दायित्व र जवाफदेहीता, संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था सुदृढीकरणमा योगदान पुग्ने संघीय संसद् सचिवालका सचिव सुदर्शन खड्काको विश्वास थियो।

यस्तै संविधानसभा सदस्य एवं वरिष्ठ अधिवक्ता खिमलाल देवकोटाले उपसभामुखबारे संवैधानिक, कानुनी राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यवस्था, अनुभव र अभ्यास विषयमा कार्यपत्र प्रस्तुत गर्दै सभामुख र अध्यक्ष निर्वाचित हुँदा सामान्य बहुमत भए पुग्ने तर हटाउँदा दुइतिहाइ चाहिने संविधान र सभाप्रति उत्तरदायी हुने संवैधानिक महत्वको पद भएकाले सोही अनुरुपको भूमिका अपेक्षा गरिएको बताए।

उपसभामुख र उपाध्यक्षलाई नेतृत्त्वकर्ताका रूपमा बुझ्न, विधिअनुरुप व्याख्या गर्न, सभाप्रति उत्तरदायी तुल्याउन उनले कार्यपत्रमा सुझाव दिएका थिए।

- खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं।
- भूमिको अधिकतम उपयोग गरौं।
- कृषिलाई आत्मनिर्भर मात्र होइन, व्यावसायिक बनाऔं।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुर्‍याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेश...

रामकुमार महतोले जानकारी दिए।

पहिलो चरणमा प्रदेशको आठवटै जिल्लाका ४० सहिद परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गर्ने आफूहरूको तयारी रहेको सचिव महतोले जानकारी दिए।

## घातक...

स्पष्टीकरण, हाललाई स्थगन, राष्ट्रिय सहमति, सन सेट कानून निर्माण आदि केही गर्नेतिर होइन कि सीधै यो सम्झौतालाई खारेज गर्नु जरुरी छ। किनकी यी कुराहरू जेजति र जस्तो गरिए पनि एमसीसी यहाँ प्रवेश गर्नु हुँदैन र यसो हुनु नै हाम्रो दुर्भाग्य हुन्छ। तसर्थ अब सम्झौता खारेजीको आन्दोलनलाई सशक्त र सर्वव्यापी बनाउँदै यसका मुख्य कारक नेपाली रुपरङ्गका विदेशीका दलालहरू विरुद्ध समेत प्रहार केन्द्रीत गर्नु अनिवार्य सर्त हुन आएको छ।

## नेकपा...

मोर्चामा उभिएको छ र नेपाल, भारत, पाकिस्तान तथा समस्त विश्वका सबै प्रजातान्त्रिक शक्तिहरू तपाईंहरूको साथमा छन्। लालझन्डाको नेतृत्वमा, मुलुकव्यापी स्तरमा आफ्नो स्वतन्त्र जनसङ्गठन बनाउनुहोस् र तलका मागहरू पूरा गर्न दृढ सङ्घर्ष चलाउनोहोस्-

१. जमिन जोत्नेलाई देऊ!
२. खेतमजदुरहरूमा पर्ति जग्गा वितरण गर!
३. गैरकानुनी नजराना तथा बेठ-बेगारी खारेज गर!
४. त्रिभागा तत्काल लागू गर!
५. खेतमजदुरहरूका लागि बाँच्न योग्य ज्याला देऊ!
६. पूर्ण नागरिक स्वतन्त्रता बहाली गर!

नेपालका विद्यार्थी तथा जनवादी युवाहरू हो! नेपालको पहिलो राष्ट्रिय सङ्घर्षमा तपाईंहरूले गौरवशाली भूमिका खेल्नुभएको छ र प्रशस्त रगत बगाउनुभएको छ। युवा गङ्गालालको अमर प्राणोत्सर्गले तपाईंहरू धेरै जनालाई नयाँ सङ्ग्राम र नयाँ वलिदानका निम्ति अभिप्रेरित गरेको छ। १९९० का एकजना वीर श्री खड्गमान अझसम्म आफ्नो आङमा सिक्री र नेलसहित जेलमा सडिरहनु भएको छ। दैनिक परिपक्व सङ्ग्रामहरूद्वारा उक्त परम्परालाई अरु उचाइमा उठाउने समय आएको छ र आह्वान गरिएको छ। आजसम्म तपाईंहरूको स्वतन्त्र लडाकु जनसङ्गठन नहुँदा विश्वासघाती र अवसरवादीहरूले तपाईंहरूलाई मझधारमा अलपत्र छाड्ने मौका पाएका छन्। त्यसैले तलका मागहरूका लागि लड्न आफ्नो स्वतन्त्र लडाकु प्रजातान्त्रिक जनसङ्गठन बनाउन अघि बढ्नुहोस्-

१. सर्वसाधारण जनताका लागि पूर्ण प्रजातान्त्रिक अधिकारहरू!
२. प्रजातान्त्रिक शिक्षा प्रणाली, मुफ्त, अनिवार्य प्राथमिक शिक्षा, उच्चस्तरमा सस्तो शिक्षा!
३. पूर्ण शैक्षिक एवम् प्राज्ञिक अधिकारहरू!
४. सच्चा स्वाधिन प्रजातन्त्र र शान्तिका लागि!

नेपालका श्रमजीवी महिलाहरू हो! हामी तपाईंहरूको बढ्दो सङ्घर्ष र लडाकुपनाको स्वागत गर्दछौं। मार्च, १९४७ मा विराटनगर जुट तथा कपडा मिलहरूका श्रमजीवी महिलाहरूले पुरुषहरूसित काँधमा काँध मिलाएर लडेका छन्। यही सालमा महिलाहरूले महाराणाको सशस्त्र आतङ्कलाई हाँक दिँदै काठमाडौँका सडकमा प्रदर्शन गरेका छन्। जनआक्रोशको बढ्दो स्तरदेखि डराएर राणा सरकारले बाध्य भई नगरपालिकीय प्रशासन जनताको हातमा सुम्पियो। तर, निर्वाचनमा महिलाहरूलाई मतदान गर्ने अधिकारबाट वञ्चित पारियो। नेपालका श्रमजीवी महिलाहरूले चुपचाप सहेर बस्न इन्कार गरे र एउटा प्रतिनिधिमण्डल बनाएर उनीहरू प्रधानमन्त्रीको निवासस्थानतिर गए। यसबाट तपाईंहरूको लड्ने तथा अधिकार प्राप्त गर्ने अठोट देखिएको छ। सामाजिक, आर्थिक तथा राजनीतिक- तेहरो थिचोमिचोका विरुद्ध लड्न आफ्नो महिला सङ्घ गठन गर्नुहोस् र सम्झौताहीन सङ्घर्षद्वारा त्यसलाई टेवा दिनुहोस्-

१. समान कामका लागि समान तलब!,
२. राष्ट्रिय जीवनका सबै क्षेत्रमा समान अधिकारहरू!,
३. सुत्केरी सुविधा र केटाकेटीहरूका लागि सुरक्षित जीवन!,
४. मुफ्त शिक्षा!,
५. विदेशमा साम्राज्यवादी सेनाहरूमा रहेका हाम्रा छोरा र लोग्नेहरू फिर्ता देऊ!,
६. स्वतन्त्र, लोक-जनवादी नेपाल!

अतः नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी जनताको विकासशील सङ्घर्षमा सहभागी बन्ने र त्यसलाई सङ्गठित पार्ने तथा नेतृत्व दिने र त्यसलाई विजयसम्म अघि बढाउने काममा आफूलाई समर्पित गर्दछ। यसलाई सो बाटोबाट जस्तासुकै आतङ्क वा झुट्टा प्रचारले विचलित पार्न सक्ने छैन। अन्य पुँजीवादी तथा निम्नपुँजीवादी पार्टीहरूले पहिले जनताप्रति विश्वासघात गरेका छन् र पछि पनि गर्दै रहनेछन्। नेपाल कम्युनिस्ट पार्टी मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा अघि बढेको पार्टीले क्रान्तिको आँधीबेहरी जनताको साथ दिने छ र यसले के प्रतिज्ञा गर्छ भने सच्चा स्वतन्त्रता तथा लोक-जनवादका लागि सङ्घर्षको अघिल्लो पङ्क्तिमा सदा अडिग भई लडिरहने छ। नेपाल कम्युनिस्ट पार्टी शोषकहरूलाई ठोक्ने जनताको मुड्की हो। तसर्थ, हामी मजदुरवर्ग, भूमिहीन तथा गरिब किसानहरूका सर्वोत्तम छोराछोरीहरूलाई र जनवादी विद्यार्थी, युवा तथा महिलाहरूलाई नेपाल कम्युनिस्ट पार्टीका जुझारूपङ्क्तिहरूमा सामेल हुन आह्वान गर्दछौं। किनभने, एउटा बलियो, जनआधारित कम्युनिस्ट पार्टीले मात्र जनताको लोक-जनवादी क्रान्तिलाई समक्षम नेतृत्व प्रदान गरी विजयसम्म अघि बढाउन सक्दछ। ३० भदौ, २००६ (१५ सेप्टेम्बर, १९४९)

**(पुष्पलालका छानिएका रचनाहरू, भाग- १, पृ. ५४-६६)**

धूमपान तथा सूर्तिजन्य पदार्थबाट टाढै बसौं !
आफू बाँचौं र अरूलाई पनि बचाऔं !!

धूमपान भनेको के हो ?

- धूमपान भन्नाले खासगरी सूर्तिजन्य पदार्थको धुँवा खानु हो। चुरोट, बिँडी, तमाखु, कक्कडजस्ता सूर्तिजन्य पदार्थको सेवन गर्नु हो।
- धूमपानको धुँवामा ७ हजार भन्दा बढी किसिमका रासायनिक तत्त्व पाइन्छन्। तीमध्ये ६९ भन्दा बढी तत्त्वले क्यान्सर गराउँछ।

धूमपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्दा हुने असर

- मुख, फोक्सो, पेट, फियो, आन्द्रा, मुत्रनली, पाठेघर आदिको क्यान्सर हुन्छ।
- दम, दीर्घ श्वासप्रश्वास रोग, उच्च रक्तचाप, हृदयघात, मस्तिष्कघात, गर्भपतन हुने, कम तौलको बच्चा जन्मने, अवधि पूरा नभई बच्चा जन्मने, मृत बच्चा जन्मने आदि गराउँछ।
- धूमपानको धुँवाले वर्षेनी धूमपान नगर्ने व्यक्तिलाई समेत असर गर्दछ। धूमपान गर्ने मानिसको नजिक बसेकै कारणले विश्वमा वर्षेनी ६ लाख मानिसको मृत्यु हुने गरेको छ।

धूमपान तथा सूर्तिजन्य पदार्थबाट बच्ने उपाय

- साथीभाइको लहैलहैमा नपरौं।
- दीर्घकालीन असरको मनन गरी कूलतमा नफसौं !
- धूमपानबाट छुटकारा पाउनका लागि स्वास्थ्यकर्मीसँग सल्लाह गरौं !
- सार्वजनिक स्थलमा धूमपान नगरौं !
- घरभित्र र बच्चाको अगाडि कहिल्यै धूमपान नगरौं !

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जीपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र
दुलेगौंडा, तनहुँ

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं